# "घ" वर्ग निमार्ण व्यवसायी इजाजतपत्र कार्यविधि, २०७४

**प्रमाणीकरण मिति : २०७४/१२/२०**

**रोशी राजपत्रमा प्रकाशित मिति : २०७४/....**

## २०७४ सालको कार्यविधि नं.: ०८

**प्रस्तावना:**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को खण्ड छ (१०) अनुसार सार्वजनिक निर्माण कार्यको लागि "घ" वर्गको इजाजत पत्र जारी, नवीकरण तथा खारेजी सम्बन्धी सम्पूर्ण अधिकार सम्बन्धित स्थानीय तहमा निहित रहेकोलेउक्त कार्यलाई व्यवस्थित गर्न रोशी गाउँ कार्यपालिकाको मिति २०७४।१२।१८ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

### परिच्छेद-१

### संक्षिप्त नाम र प्रराम्भ

**१. संक्षिप्त नाम र प्रराम्भ :** (१) यस कार्यविधी को नाम "रोशी गाउँपालिकाको"घ" वर्ग निमार्ण व्यवसायी इजाजत पत्र (नियमित र व्यवस्थित गर्ने) कार्यविधी, २०७४"रहेको छ ।

(२) यो कार्यविधितुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था वा प्रदेश सरकार वा रोशी गाउँपालिकाको तर्फबाट सम्पन्नगरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथामर्मत सम्भारको कार्य समेतलाई जनाउँछ ।

(ख)"निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय संचालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनु पर्दछ ।

(ग) "इजाजतपत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि परिच्छेद ३ वमोजिम रोशी गाउँपालिकाले जारी गरेको इजाजतपत्र सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले रोशी गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

( ङ ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले यस कार्यविधीको दफा ३ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(छ ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ज) "ऐन तथा नियमावली" भन्नाले निर्माण व्यवसाय ऐन, २०५५ र नियमावली २०५६ सम्झनु पर्दछ ।

### परिच्छेद-२

### नीति निर्माण परिषद्तथा कार्यान्वयन समिति

**३. नीति निर्माण परिषद् :** (१)निमार्ण व्यवसायलाई सुदृढ र सुव्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक नीति तयार गरी सम्वन्धित निकायहरुलाई निर्देशन दिन देहाय बमोजिमको नीति निमार्ण परिषद् रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | -सदस्य |

(ग) पूर्वाधार विकास समितिको संयोजक -सदस्य

(घ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ङ) योजना शाखा प्रमुख -सदस्य

(च) रोशी निर्माण व्यवसायी महासंघको प्रतिनिधि -सदस्य

(छ) प्राविधिकशाखा प्रमुख वा निजले तोकेको प्राविधिक -सदस्य सचिव

(२) परिषद्को बैठक सम्बन्धी व्यवस्था परिषद् आफैंले निर्धारण गरेको कार्यविधि बमोजिम हुनेछ ।

**४. परिषद्को काम, कर्तब्य र अधिकार** :नीति निर्माण परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सार्वजनिक निर्माण कार्यमा गुणस्तर कायम राख्ने सम्बन्धमा आवश्यक नर्म्स् तयार गर्ने,

(ख) सार्वजनिक निर्माण कार्यमा प्रस्तावक र प्रस्ताव स्वीकृतिकर्ता बीच हुने सम्झौतापत्र, करारका शर्तहरु तथा स्पेसिफिकेशन सम्बन्धी नमुना मसौदाको निर्माण तथा विकास गर्ने,

(ग) सार्वजनिक निर्माण कार्यसँग सम्बन्धित वातावरणीय पक्ष लगायतका अन्य विषयहरुमा आवश्यक कोडहरुको निर्माण तथा विकास गर्ने,

(घ) निर्माण व्यवसाय सुदृढ र सक्षम तरिकाबाट सञ्चालन गर्न आवश्यक जनशक्ति उत्पादनको लागि प्रशिक्षण तथा तालिम संचालन गर्ने,

(ङ) निर्माण व्यवसायसंग सम्बन्धित विषयमा आवश्यक अनुसन्धान तथा विकास गर्ने,

(च) यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न आवश्यक अन्य कार्यहरु गर्ने ।

**५. कार्यान्वयन समिति** :(१) निमार्ण व्यवसायको प्रवर्द्धन तथा व्यबस्थापन गर्ने सम्बन्धमा गाउँ कार्यपालिकालाई आवश्यक सहयोग पुर्‍याउन देहायको कार्यन्वयन समिति रहनेछ :

(क) प्राविधिक शाखाका प्रमुख - संयोजक

(ख) रोशी निर्माण व्यवसायी महासंघको प्रतिनिधि -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी -सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधी समिति आफैले निर्धारण गरेवमोजिम हुनेछ ।

**६. समितिको काम, कर्तब्य र अधिकार** :कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) निर्माण व्यवसायीलाई इजाजतपत्र प्रदान गर्न गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(ख) निर्माण व्यवसाय सम्वन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी गाउँ कार्यपालिका समक्ष पेश गर्ने ।

(ग) सार्वजनिक निर्माण कार्यको गुणस्तर सम्बन्धमा कुनै प्रश्न उठेमा सम्बन्धित प्राविधिकबाट भएको जाँचपासको सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने, गराउने ।

(घ) खण्ड (ग) बमोजिम जाँचबुझ गर्दा वा गराउँदा तोकिएको गुणस्तर कायम नराखी प्राविधिकबाट जाँचपास भएको देखिएमा त्यसबाट हुन गएको हानी नोक्सानी असूल उपर गर्न त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(च) नीति निर्माण परिषद्ले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-३
## इजाजतपत्र सम्बन्धी व्यवस्था

**७.इजाजत पत्रको लागि दरखास्त दिनु पर्ने** : सार्वजनिक निमार्ण कार्य गर्न चाहने निमार्ण व्यवसायीले अनुसूची - १बमोजिमको ढाँचामा निमार्ण कार्य गर्न इजाजत पत्रको लागि दफा ५ वमोजिम गठित समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

**८. दरखास्त जाँचबुझ गर्नु पर्ने** : (१) दफा ७ बमोजिम दरखास्त पर्न आएपछि समितिले त्यस्तो दरखास्तवाला निर्माण व्यवसायीको आर्थिक तथा प्राविधिक योग्यता जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तमा उल्लेख भएको विवरणसँग सम्बन्धित अन्य कुनै कागजात आवश्यक पर्ने देखेमा समितिले दरखास्तवाला निर्माण व्यवसायीलाई थप कागजात पेश गर्न लगाउन सक्नेछ ।

**९. इजाजत पत्र दिन सिफारिस गर्ने** : दफा ८ बमोजिम जाँचबुझ गर्दा दरखास्तवाला निमार्ण व्यवसायीको माग बमोजिम इजाजत पत्र दिन मनासिव देखेमा समितिले दरखास्त परेको मितिले तीस दिन भित्र गाउँ कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

**१०. इजाजतपत्र दिनु पर्ने** : (१)दफा ९ बमोजिम कार्यपालिका बैठकसमक्ष पेश गरेको सिफारिसलाई कार्यपालिकाको बैठकले स्वीकृत गरेमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित दरखास्तवालासँग इजाजत पत्र वापत गाउँ सभाबाट स्विकृत अर्थिक ऐनले तोके बमोजिमको दस्तुर लिई निजलाईअनुसुची - २ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ ।
(२) उपदफा (१) वमोजिम दिइएको इजाजतपत्रको अभिलेखअनुसुची-३ बमोजिमको ढाँचामा अद्यावधिक गराई राख्नु पर्नेछ ।

**११. इजाजतपत्रको नवीकरण सम्बन्धी व्यवस्थाः** (१) दफा १० को उपदफा (१) बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा १३ बमोजिम खारेज भएको अवस्थामा बाहेक एक आर्थिक वर्षसम्म मान्य हुनेछ ।

(२) उपदफा १ बमोजिम इजाजतपत्रको अवधी समाप्त भएको प्रत्येक निमार्ण व्यवसायीले इजाजतपत्रको अवधी समाप्त भएको मितिले तीन महिना भित्र अनुसुची-४ बमोजिमको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी नवीकरणको लागि दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र नवीकरणको दरखास्त परेपछि संयोजकले सो दरखास्त उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र नीवकरण गरिदिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम म्याद भित्र इजाजतपत्र नवीकरण गराउन नसक्ने निमार्ण व्यवसायीले त्यस्तो म्याद नाघेको छ महिना भित्र सो इजाजतपत्र नबिकरण गराउन चाहेमा नबीकरण दस्तुरको दोब्बर दस्तुर राखी दरखास्त दिनु पर्नेछ ।

(५) उपदफा ४ बमोजिम दरखास्त परेपछि संयोजकले त्यस्तो इजाजतपत्र उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ ।

**१२. दर्ता किताबः** (१) समितिले यस कार्यविधी बमोजिम प्रदान गरिएको इजाजतपत्र अनुसुची-५ बमोजिमको ढाँचामा दर्ता किताब खडा गरी अद्यावधिक गराई राख्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिमको दर्ता किताबमा यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानुन बमोजिम प्रदान गरिएका इजाजतपत्रको अभिलेख समेत दुरुस्त बनाइ राख्नु पर्नेछ ।

**१३. इजाजतपत्रको खारेजी** : (१) देहायको अवस्थामा कार्यान्वयन समितिको सिफारिसमा कार्यपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :-

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले संघीय सरकार,प्रदेश सरकार, स्थानीय सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण तथा तत्सम्बन्धी कागजात पेश गरेमा,

(ग) गुणस्तरयुक्त कार्य नगरेको ठहरेमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) दफा ११ को उपदफा (४) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा त्यसको जानकारी सम्बन्धित फर्म वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनु पर्नेछ ।

## परिच्छेद-४

### निमार्ण व्यवसायीको योग्यता र दायित्व

**१४. निर्माण व्यवसायीको योग्यता :** यस कार्यविधिमा अन्यत्र लेखिए देखि वाहेक निर्माण व्यवसायीको योग्यता अनुसूची ६ मा उललेख भए वमोजिम हुनेछ ।

**१५. निर्माण व्यवसायीको दायित्व :**(१) ठेक्का सम्झौतामा उल्लिखित शर्तहरुको अधीनमा रही सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(१) निमार्ण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निमार्ण कार्यको विवरण त्यस्तो कार्य सम्पन्न गरेको प्रमाण पत्र प्राप्त गरेको मितिले पैतिस दिन भित्र अनुसुची - ७बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नु सम्बन्धित निमार्ण व्यवसायीको दायित्व हुनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएता पनि सम्बन्धित निर्माण व्यवसायीले आफूले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निमार्ण कार्यको एक प्रति विवरण सम्बन्धित आयोजना वा कार्यालयलाई पनि पठाउनु पर्नेछ ।

(३) समितिले उपदफा (१) बमोजिम प्राप्त विवरणको अभिलेख अनुसुची-८ बमोजिम राख्नु पर्नेछ ।

## परिच्छेद-५

### विविध

**१६. इजाजतपत्रको प्रतिलिपि दस्तुरः** कुनै निमार्ण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउनको लागि दर्ता वा नवीकरण दस्तुरको ५० प्रतिशत दस्तुर दाखिला गर्नु पर्नेछ ।

**१७.बाधा अड्काउ फुकाउने :** यस कार्यविधिमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

अनुसूची - १
(दफा ७ सँग सम्वन्धित )
**इजाजतपत्रको लागि दिइने दरखास्त**

**विषय : इजाजतपत्र पाऊभन्ने बारे ।**

श्री कार्यान्वयन समिति
रोशी गाउँ कार्यपालिकाको कार्यालय ,
कटुञ्जेवेशी, काभ्रेपलाञ्चोक ।

रोशी गाउँपालिकाको "घ" वर्ग निमार्ण व्यवसायी इजाजत पत्र (नियमित र व्यवस्थित गर्ने) कार्यविधी, २०७४को दफा ७बमोजिमसार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेशगरिएको छ :-

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-**
नाम :-
ठेगाना :-
पोष्ट बक्स :-
टेलिफोन नं. :- फ्याक्स नं.:- ईमेल :-

**२. फर्म वा कम्पनीको प्रकृति**

| | | | |
|---|---|---|---|
| प्राईभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी | |
| एकलौटी | | साझेदारी | |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-**
नाम थर :-
ठेगाना :- पोष्ट बक्स :-
टेलिफोन :- फ्याक्स :- ईमेल :-

**४. फर्म वा कम्पनीको विवरण :-**
दर्ता नं. :- दर्ता मिति :-
अधिकृत पूँजी :- जारी पूँजी :-
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

**५. इजाजतपत्र लिन चाहेको वर्ग :-**

**७. आर्थिक श्रोतको विवरण :-**

| | रकम | वित्तीय संस्था । बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |

| | | |
|---|---|---|
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८. कामदारको विवरण :-**

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

(ग) अन्य :-

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-**

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

**१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-**

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम |
|---|---|---|---|---|
| १. | भवन निर्माण तथा मर्मत संभार | | | |
| २. | सडक निर्माण तथा मर्मत संभार | | | |
| ३. | बीमानस्थल निर्माण तथा मर्मत संभार | | | |
| ४. | बाँध, नहर, जलाशय, पानी ट्याङकी तथा ढल निर्माण, पाईप बिछ्याउने तथा मर्मत संभार | | | |
| ५ | सुरुङ, भूमिगत मार्ग तथा जलाशय (टनेल) निर्माण तथा मर्मत संभार | | | |
| ६ | विद्युत लाईन, निर्माण पावर स्टेशन निर्माण तथा मर्मत संभार | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ७ | हाइड्रोलिक स्ट्रक्चर | | | |
| ८ | पुल निर्माण तथा मर्मत संभार | | | |
| ९ | अन्य | | | |

**११. करचुक्ता गरेको प्रमाण कागजात :-**

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको,-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

अनुसुची - २
(दफा १०को उपदफा १ सँग सम्बन्धित)

## इजाजतपत्र

ईजाजंतपत्र नं.....................                                        मिति :- ................

रोशी गाउँपालिकाको "घ" वर्ग निमार्ण व्यवसायी इजाजत पत्र (नियमित र व्यवस्थित गर्ने) कार्यविधी, २०७४ को दफा १० बमोजिम निर्माण व्यवसाय गर्न ......................................................................स्थित कार्यालय भएको .......................................................................................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

ईजाजतपत्र दिनेको,-

**"घ"**
**वर्ग**

दस्तखत :-

नाम :-
पद :-
कार्यालय :-

मिति :-

नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसुची-३

(दफा १०को उपदफा २ सँग सम्बन्धित)

## इजाजतपत्र अभिलेख

इजाजतपत्रको क्रम संख्या :-

(अनुसूची-२ मा उल्लिखित क्र.सं. उल्लेख गर्ने)

खण्ड क

**१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को,-**

(क) नाम :-

(ख) ठेगाना :-

**२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको,-**

(क) नाम :-

(ख) ठेगाना :-

**३. निर्माण व्यवसायको,-**

(क) दर्ता नं. :-

(ख) दर्ता मिति :-

**४. ईजाजतपत्रको,-**

(क) वर्ग :-

(ख) समूह :-

**५. इजाजतपत्र जारी गरेको शुरु मिति :-**

खण्ड ख

नवीकरण

| सि.नं. | निवीकरण भएको मिति | ईजाजतपत्र नवीकरण दस्तुरको भौचर नं. | नवीकरण दस्तुर बुझाएको मिति | नवीकरण दस्तुर बुझाएको बैंक | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## खण्ड ग

### कार्य अभिलेख विवरण

| सि.नं. | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता बमोजिमको रकम | कार्य प्रारम्भ मिति | कार्य सम्पन्न रकम | कार्य समाप्त मिति | सम्बन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## खण्ड घ

### निर्माण व्यवसायी कोषमा रकम बुझाएको विवरण

| सि. नं. | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता नम्बर | ठेक्का सम्झौता बमोजिम को रकम | कार्य सम्पन्न गर्दा लागेको कुल रकम | कोषमा बुझाएको रकम | सम्बन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसुची-४
(दफा ११को उपदफा २ सँग सम्बन्धित)

**इजाजतपत्र नवीकरणको लागि दिइने दरखास्त**

श्री संयोजक,
कार्यान्वयन समिति
रोशीगाउँकार्यपालिकाको कार्यालय,
कटुञ्जेवेशी, काभ्रेपलाञ्चोक ।

विषय : इजाजतपत्र नवीकरण गरी पाऊँभन्ने बारे ।

निर्माण व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र नवीकरण गर्नको लागि देहाय बमोजिमकोविवरणहरु खुलाई यो दरखास्त पेश गरेको छु ।

**१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को,-**
(क) नाम :-
(ख) ठेगाना :-
(ग) पोष्ट बक्स :-
(घ) टेलिफोन नं. :-
(ङ) फ्याक्स नं. :-
(च) ईमेल :-

**२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको,-**
(क) नाम :-
(ख) ठेगाना :-

**३. निर्माण व्यवसायीको,-**
(क) प्रमाणपत्र नं. :-
(ख) दर्ता मिति :-

४. (क) ईजाजतपत्र नं. :-
(ख) ईजाजतपत्र जारी भएको मिति :-
(ग) ईजाजतपत्र जारी गर्ने कार्यालय :-

५. (क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं. :-
(ख) नवीकरण मिति :-

६. इजाजतपत्र नवीकरण दस्तुर । थप दस्तुर बापत रु. ............................ अक्षरेपी ...................................... जम्मा गरेको ................................... बैंकको सक्कल भौचर यसै साथ संलग्न छ ।

७. यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक सांचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

निवेदक निर्माण व्यवसायीको
तर्फबाट दरखास्त दिनेको,-
नाम :-
पद :-
दस्तखत :-
मिति :

अनुसुची-५

(दफा १२ उपदफा (१) सँग सम्बन्धित)

**इजाजतपत्र दर्ता किताब**

| क्र. सं | इजाजतपत्रको | | | निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको | | इजाजतपत्र | | प्रमाणित गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | नम्बर | वर्ग | समूह | नाम | ठेगाना | जारी मिति | नवीकरण | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसुची-६
(दफा १४ सँग सम्बन्धित)

## निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

**१. आर्थिक क्षमता :** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमाएक लाख रुपैयाँको चालु पुँजी देखाई घरेलु उद्योग तथा गा.पा. उधोग विकास शाखामा दर्ता भएको हुनु पर्नेछ ।
**२. मुख्य जनशक्ति विवरण** : सिभिल इन्जिनियरीङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जनाप्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्रमाप्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।
**३. मेशीन र उपकरण :**
(क) लेभल (एक थान)
(ख) वाटर पम्प (एक थान)
(ग) भाइब्रेटर (एक थान)

द्रष्टव्य :
१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेकोकागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङविषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनकोसदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँदर्ताहुने प्रयोजनको लागि मान्य हुने छैन ।

अनुसुची - ७
(दफा १५ उपदफा (१) सँग सम्बन्धित)

## सार्वजनिक निर्माण कार्यको विवरण

श्री संयोजक,
कार्यान्वयन समिति
रोशी गाउँकार्यपालिकाको कार्यालय,
कटुञ्जेवेशी, काभ्रेपलाञ्चोक ।

विषय : निर्माण कार्यको विवरण पेश गरेको ।

रोशी गाउँपालिकाको "घ" वर्ग निमार्ण व्यवसायी इजाजत पत्र (नियमित र व्यवस्थित गर्ने) कार्यविधी, २०७४ को दफा १४ उपदफा (१) बमोजिमसार्वजनिक निर्माण कार्यको विवरण निम्नानुसार खुलाई पेश गरेको छु ।

**१. निर्माण व्यवसायीको,-**

(क) नाम :-

(ख) ठेगाना :-

**२. कार्य योजनाको नाम :-**

**३. आयोजना । कार्यालयको,-**

(क) नाम :-

(ख) ठेगाना :-

**४. निर्माण व्यवसायी तर्फको इन्जिनियरको,-**

(क) नाम :-

(ख) काम गरेको अवधि :-

(ग) नेपाल ईन्जिनियर्स एसोशियसनको सदस्यता नं. :-

**५. मुख्य जनशक्ति,-**

(क) प्राविधिक

(ख) अप्राविधिक

६. ठेक्का सम्पन्न भए बमोजिमको रकम...............................

७. ठेक्का सम्झौता बमोजिमको रकम रु. .............................

**८. भेरियसन भए नभएको भएको भए,-**

(क) बृद्धि भएको रकम रु. ..................

(ख) कम भएको रकम रु. ..................

**९. निर्माण कार्यको संक्षिप्त विवरण :-**

(क)

(ख)

(ग)

(घ)

**१०. कार्य समापन प्रमाणपत्र प्राप्त मिति :-**

११. ईजाजतपत्र नं.:-

छाप

दरखास्तवालाको,-
नाम :-
दस्तखत :-
मिति :-

अनुसुची-८

(दफा १५ उपदफा (३) सँग सम्बन्धित)

## सार्वजनिक निर्माण कार्यको विवरण अभिलेख

| सि. नं. | निर्माण व्यवसायीको नाम | इजाजतपत्र नं. | निर्माण कार्यको नाम | आयोजना कार्यालयको नाम | आयोजना कार्यालयको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |